# INVITATION FOR BIDS

नेपाल सरकार

संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय

बडिमालिका नगरपालिकाको कार्यालय

मार्तडी, बाजुरा

**बोलपत्र आव्हान वा e-bidding को सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७३/०९/१३)**

**बडिमालिका नगरपालिकाको कार्यालय, बाजुरामा आ.व. २०७३/०७४ मा नेपाल सरकारको सहयोग र बडिमालिका नगरपालिका कार्यालयको आन्तरिक लगानिमा गरिने बडिमालिका नगरपालिका कार्यालयको भवन निर्माण कार्यको सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रीतपुर्वकको सिलबन्दी बोलपत्र वा e-bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।**

१. सिलबन्दी बोलपत्र सम्बन्धी कागजातको अन्तिम बिक्रि मितिको कार्यालय समय सम्म चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आ.व. ०७३/०७४ सालको कर चुक्ता प्रमाण पत्र, आयकर एवं मु.अ. कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी बडिमालिका नगरपालिकाको कार्यालय बाजुराबाट खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्र सम्बन्धी कागजात अन्तिम दर्ता गर्नु पर्ने दिनको १२.०० बजे सम्ममा बडिमालिका नगरपालिकाको कार्यालय बाजुराको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, र फोन नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ सिलबन्दी लाहाछाप गरी बडिमालिका नगरपालिकाको कार्यालय बाजुरामा मात्र दर्ता गराउनु पर्नेछ।

२. उल्लेखित कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धी कागजात भर्नुपर्ने सम्पुर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको १३.०० बजे सरकारी प्रतिनिधीहरु र बोलपत्र दाता वा निजका प्रतिनिधीहरुको रोहवरमा बडिमालिका नगरपालिकाको कार्यालय बाजुरामा खोलिने छ। बोलपत्र दाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ।

४. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत बडिमालिका नगरपालिकाको कार्यालय बाजुराले तोकेको धरौटी खाताहरुमा नगद जम्मा गरेको सक्कली बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत ( बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको ) पेश गर्नुपर्ने छ।

५. बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मू.अ. कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। बोलपत्रमा अनिवार्य रुपमा प्रत्यक आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी जोड जम्मा गरि प्रत्यक पानामा सहिछाप गरेको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा बोलपत्र दाताको सहिछाप भएको हुनुपर्नेछ। केरमेट र अंक अक्षर दुवै नबुझिने भएको बोलपत्रलाई मान्यता दिइने छैन।

६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परे बडिमालिका नगरपालिकाको कार्यालय बाजुरा (फोन नं. ०९७५४१०६७) मा सम्पर्क राख्न सकिनेछ।

७. म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको बोलपत्र मान्य हुने छैन।

८. बोलपत्र दातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत जानकारी लिन अनुरोध गरिएको छ साथै प्रि-बिड मिटिङ मिति २०७३/१०/०३ गतेका दिन बडिमालिका नगरपालिकाको कार्यालय बाजुरामा दिनको १२.०० बजे हुनेछ।

९. बोलपत्र स्वीकृत गर्ने र रद्द गर्ने सम्पुर्ण अधिकार बडिमालिका नगरपालिकाको कार्यालय बाजुरामा निहित रहनेछ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (चौंथो संशोधन २०७३ सहित) र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ।

११. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website : www.bolpatra.gov.np हेर्न सकिने छ।

## E-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि

१. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको portal बाट e-bidding को कार्य गरिनेछ। उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्र दाताहरुले बोलपत्रमा भाग लिन सक्नेछन।

२. बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु e-bidding portal www.bolpatra.gov.np मा scanned copy upload गर्नु पर्नेछ। यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर बापतको रकम बडिमालिका नगरपालिकाको कार्यालय बाजुराको आन्तरिक आय खातामा नगदै जम्मा गरेको बैंक भौचरको scanned copy upload गर्नु पर्नेछ। बोलपत्र जमानतको हकमा नेपाल राष्ट्र बैंकबाट "क" बर्गको मान्यता प्राप्त बैंक बाट बडिमालिका नगरपालिकाको कार्यालय बाजुराको नाममा जारी भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको ) वा बडिमालिका नगरपालिकाको कार्यालय बाजुराको धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको scanned copy upload गर्नु पर्नेछ।

३. E-submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम दिनको १२.०० बजे भित्र PDF format मा upload गरिसक्नु पर्नेछ।

४. Upload भएका बोलपत्रहरु सोही दिनको १३.०० बजे खोलिनेछ ।

५. निर्माण ब्यवसायीले e-bidding मार्फत बोलपत्र खोल्ने समयमा निजको ई–बिड दर्ता भएको नदेखिएमा वा upload गरिएका फाईल
Unreadable format वा corrupted भएमा बडिमालिका नगरपालिकाको कार्यालय मार्तडी बाजुरा जवाफदेही हुने छैन र उक्त बोलपत्रदाताको बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. E-bidding गर्ने निर्माण ब्यवसायीहरुले बोलपत्र खोलेको मितिले पाँचौ दिन को १४.०० बजे भित्र बोलपत्र जमानत, बोलपत्र खरिद बापतको बैंक भौचरको सक्कलै प्रति तथा आवश्यक सम्पूर्ण document हरुको hard copy सक्कली वा notary public बाट प्रमाणित कागजात अनिवार्य पेश गर्नु पर्नेछ । अन्यथा मूल्याङ्कनमा समावेश गरिने छैन ।

### सम्बन्धित कार्यालयको खाता विवरण

| सि. नं. | कार्यालयको नाम | कार्यालयको कोड नं. | आन्तरिक आय खाता नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| १. | बडिमालिका नगरपालिकाको कार्यालय मार्तडी, बाजुरा | ७०-३६५-०४ | ४०७०३०४०३४३०२ रा.वा. बैंक बाजुरा | ४०७०३०३००३००२ रा.वा. बैंक बाजुरा |

| ठेक्का नं. | कार्यालयको नाम/स्थान | कामको विवरण/निर्माण स्थान | बोलपत्र जमानत बापत रु. | बोलपत्र दस्तुर रु. | प्रि-बिड मिटिङ | बोलपत्र अन्तिम बिक्री मिति | बोलपत्र दर्ता गर्ने एवं खोलिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| BMO/BJURA/ NCB WORKS/01/073-074 | बडिमालिका नगरपालिकाको कार्यालय मार्तडी, बाजुरा | बडिमालिका नगरपालिका कार्यालयको भवन निर्माण | ४,०२,०००। | ३,०००। | २०७३/१०/०३ | २०७३/१०/१३ | २०७३/१०/१४ |